नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ३० २०७९ साल भदौं ४ गते शनिबार (20 Aug 2022 Saturday) मूल्य रु. ५/-

***Log in : rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : सूचनाको हक कार्यान्वयनमा... ३ पृष्ठमा : चौध वर्षअघिको कोसी ... ३ पृष्ठमा ह्याइटीमा दुई लाख ५० हजार...

# सात दिन भित्र निर्वाचन खर्च विवरण नबुझाउनेलाई कारवाहीको तयारी




**दैनिक समाचारदाता**
**राजविराज, ३ भदौ ।**

निर्वाचन आयोगले गत बैशाख ३० गते सम्पन्न स्थानिय तह निर्वाचनका क्रममा भएको खर्च विवरण नबुझाएकाहरुलाई सात दिनभित्र खर्च विवरण बुझाउन थप म्याद दिएको छ ।

सप्तरी जिल्ला निर्वाचन अधिकारी प्रदिप कुमार जोशीले बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा विभिन्न राजनीतिक दल र स्वतन्त्रका समेत गरी ५ हजार ५ सय ३५ जनाले विभिन्न पदमा उम्मेदवारी दिए पनी हाल सम्म ४ सय ८२ जना उम्मेदवारले मात्र खर्च विवरण बुझाएको जानकारी दिएका छन् । खर्च विवरण नबुझाउने उम्मेदवारको संख्या ५ हजार ५३ रहेको छ ।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख जोशीले पछिल्लो पटक भदौ १ गते सबै पालिकामा पत्राचार गरी उम्मेदवारी दिएका सबैलाई ७ दिन भित्र निर्वाचन खर्च बुझाउन पत्राचार गरिएको बताए ।

यस अघि एक राष्ट्रिय दैनिक पत्रिकामा समेत सो बारे सुचना प्रकाशित गरी खर्च विवरण माग गरिएको उनले बताउँदै ती उम्मेदवारहरुले समयमै खर्च विवरण बुझाउन वेवास्ता गरेकाले पुन अन्तिम पटकका लागी ७ दिनको म्याद दिएर पत्राचार गरेको जानकारी दिए ।

निर्वाचनको प्रचार प्रसारका क्रममा भएको सम्पुर्ण खर्चको विवरण निर्वाचन आयोगको ऐनको अनुसची ३० बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको ३० दिन भित्र सम्बन्धित जिल्ला वा प्रदेश निर्वाचन कार्यालयमा बुझाउनु पर्ने व्यवस्था छ । यसरी जरिवानाको कारवाही भएका व्यक्ती अगामी निर्वाचनमा उम्मेदवार हुनबाट समेत बञ्चित हुने छन् ।

निर्वाचन आयोगले नगरपालिकाका प्रमुख/उपप्रमुखका उम्मेदवारले ४ लाख ५० हजार र गाउँपालिकाका प्रमुख/उपप्रमुखका उम्मेदवारले ३ लाख ५० हजार रुपैया खर्च गर्न पाउने गरी रकम निर्धारण गरेको छ ।

निर्वाचन आयोग ऐन २०७३ को दफा २६ को उपदफा (२) मा कुनै राजनीतिक दल वा उम्मेदवारले दफा २५ को उपदफा (१) बमोजिम निर्वाचन खर्चको विवरण पेश नगरेमा वा त्यसरी पेश भएको विवरणमा सोही दफाको उपदफा २ बमोजिम लेखापरिक्षण हुदाँ लेखापरिक्षकको परिक्षणका आधारमा अस्वभाविक वा निर्वाचनको स्वच्छतामा प्रतिकुल हुने गरी खर्च देखिएमा आयोगले त्यस्तो उम्मेदवारलाई जरिवाना गर्न सक्ने व्यवस्था छ ।

# छुट्टाछुट्टै घट्नामा दुईको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ३ भदौ ।**

सप्तरीमा छुट्टाछुट्टै भएको घट्नामा एक महिलासहित दुई जनाको ज्यान गएको छ ।

जिल्लाको बोदेबर्साइन नगरपालिका ३ वस्ने राम नरेश यादव र राजविराज नगरपालिका ९ वस्ने अनुराधा मेहताको छुट्टाछुट्टै घट्नामा ज्यान गएको हो ।

प्रहरीका अनुसार आफ्नै घरको टेवल पंखामा करेन्ट लागेर विहीवार साँझ १८ वर्षिय यादवको मृत्यु भएको छ । पंखा चलाउने क्रममा करेन्ट लागेर गम्भीर घाईते भएका उनलाई उपचारका लागी सदरमुकाम राजविराज स्थित छिन्नमस्ता अस्पताल पुऱ्याउदा चिकित्सकले मृत घोषित गरेका थिए ।

यस्तै ६ दिन अघि मोटरसाईकल दुर्घटनामा परी गम्भीर घाईते भएकी ४० वर्षिया मेहताको स्थानीय गजेन्द्र नारायण सिह अस्पतालमा विहीवार राती उपचारको क्रममा मृत्यु भएको छ । उनी सवार मोटरसाइकल गत साउन २७ गते हनुमाननगर कंकालिनी नगरपालिका ५ जोगिनीयास्थित बाँधको बाटोमा दुर्घटनामा परेको थियो ।

मृतक दुबै जनाको शवको शुक्रवार गजेन्द्र नारायण सिह अस्पताल मै पोष्टमार्टम पश्चात आफन्तलाई बुझाइ घटनाबारे थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

भर्ना खुल्यो भर्ना खुल्यो
"आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा"
न्यूनतम शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्ने सुनौलो अवसर
CTEVT र राजविराज नगरपालिकाको संयुक्त साझेदारीमा संचालित बहुप्राविधिक शिक्षालय
राजविराज पोलिटेक्निक इन्स्टिच्युट
राजविराज, सप्तरी
आवेदन फारम भर्ने अन्तिम मिति २०७९ भाद्र ०९ गते
SEE/SLC/TSLC पछि ३ वर्षे डिप्लोमा
सिभिल इन्जिनियरिङ्ग
जियोमेटिक्स(सर्भे) इन्जिनियरिङ्ग
प्रवेश परीक्षा दिने मिति २०७९ भाद्र १० गते दिउँसो ३:०० बजे
कार्यालय: ०३१-५९००९०, ९८२९७८४७२३
प्रिन्सिपल: ९८१६६४५१६६
Email: info.rajbirajpolytechnic@gmail.com
भर्ना खुल्यो भर्ना खुल्यो

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
विगत १४ वर्ष देखी संचालन हुदै आएको
ओभरसियरी क्याम्पस
( CTEVT बाट मान्यता प्राप्त )
डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग
( ३ बर्षे )
न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।
फारम भर्ने अन्तिम मिति : २०७९ भदौं ९ गते सम्म ।
सम्पर्क :
सफटेक इन्जिनियरिङ्ग कलेज
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।
S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।
V-JTA भेटनरी जे.टी.ए. १८ महिने
P-JTA बाली विज्ञान १८ महिने
हाम्रा बिशेषताहरु –
- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।
फारम बितरण मिति : २०७९/४/१२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७९/५/९
प्रवेश परिक्षा मिति : २०७९/५/१६ गते बिहान ८ बजे
जगदम्बा मेडिकल इन्स्टिच्यूट
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### स्वास्थ्यप्रतिको खेलवाड गर्नेलाई चेतावनी होइन कारवाही आवश्यक

अहिले बजारका अधिकांश होटल, मिठाई, नास्ता तथा खाद्यान्न पसलेहरुले मानव स्वास्थ्यप्रति खेलवाड गरिरहेका छन् । पसल खोलेर मानिसहरुलाई सेवा प्रदान गर्नु तर उनीहरुको स्वास्थ्यलाई ख्याल नगरि बासि, सडेगलेको, गुणस्तरहीन खाना प्रदान गर्नु गैरकानुनी हो । यस्ता गुणस्तरहीन सामाग्रि बिक्रि गर्ने पसलेहरुलाई कानुनी दायरामा ल्याएर दण्ड सजाय, जरिवाना तोक्नु पर्नेतर्फ सम्बन्धीत निकायले हिचकिचाहट गर्नु हुँदैन् । यसै त अहिले सम्पूर्ण खानेकुरामा मिसावट गरेको पाइन्छ जसले गर्दा मानव स्वास्थ्यमा गम्भिर असर पुऱ्याइरहेको हुन्छ । त्यसमा पनि होटल संचालकहरुले अझ ती खाद्यान्नहरुलाई हेलचक्राई तथा जिम्मेवारहीन तरिकाले पकाएर ग्राहकलाई पस्किने गरेको पाइएको छ ।

जिल्लाका विभिन्न होटलहरुमा बासी तथा सडेगलेका खानेकुराहरु खुल्लेआम विक्रि भईरहेको छ । अधिकांश होटलहरुमा मिसावटयुक्त नास्ता र सडेगलेका बासी खानेकुराहरु गुणस्तरहीन तेलमा पकाएर विक्रि वितरण हुने गरेको छ । सर्वसाधारणको स्वास्थ्यमाथि खेलवाड गर्ने गरी खुल्लेआम मिसावटयुक्त तथा बासी र सडेगलेका खानेकुराहरु विक्रि वितरण गर्ने होटलहरुमा पटक पटक जिल्ला अनुगमन टोलीले पक्राउ गरेपनि कुनै ठोस आवश्यक कानुनी कार्बाही नगरेकै कारण उनीहरुको मनोबल उच्च रहेको देखिन्छ ।

तसर्थ, सर्वसाधारणको स्वास्थ्यलाई प्रत्यक्ष असर पुऱ्याउने खालका खानेकुराहरु विक्रि गरिरहेका पसल संचालकहरुलाई बजार अनुगमन समितिले चेतावनी नदिइ सिधै कारवाही गर्नुको विकल्प छैन् ।

# सूचनाको हक कार्यान्वयनमा प्रदेश संरचनाको भूमिका

**धर्मेन्द्र झा**

काठमाडौँ, ३ भदौ (रासस) ।

नेपालमा सूचनाको हक लागू भएको १५ वर्ष बितिसकेको छ । तत्कालीन अन्तरिम संसद्बाट २०६४ साउन ५ गते जारी सूचनाको हकसम्बन्धी ऐन सोही वर्षको भदौ ३ गतेदेखि लागू भएको घोषणा गरिएको थियो । यही घोषणा भएको सन्दर्भमा नेपालमा प्रत्येक वर्ष भदौ ३ गतेलाई राष्ट्रिय सूचना दिवसका रूपमा मनाउने गरिन्छ । यस दिवसका अवसरमा सूचनाको हकको कार्यान्वयनको अवस्थाबारे केही चर्चा गर्ने प्रयत्न गरिएको छ ।

ऐन जारी भएपछिका दिनमा यो अधिकार प्रचलनका सम्बन्धमा केही कामै नभएको भने होइन । यथेष्ट काम भएका छन् । सूचनाको अधिकार सुनिश्चित हुनुपर्ने अभियानले राम्रै गति प्राप्त गरेको देखिए पनि कार्यान्वयनको अवस्था भने सन्तोषजनक छैन । र, यसो हुनुमा सरोकारवाला निकाय जति सक्रिय हुनुपर्ने थियो, त्यति हुन नसक्नु मूल कारण हो भन्दा असान्दर्भिक ठहर्दैन । सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलनको उद्देश्यले गठित राष्ट्रिय सूचना आयोगमा प्राप्त पुनरावेदनको सङ्ख्या र त्यसमाथिको सुनवाइको अवस्थाको विश्लेषण गर्ने हो भने पनि यस हक प्रतिको उदासीनताको मूल्याङ्कन सहजै गर्नै सकिन्छ ।

पुनरावेदनको सङ्ख्याका आधारमा मात्र सूचनाको मागसम्बन्धी समग्र अवस्थाको आङ्कलन गर्नु उचित हुँदैन तर हक प्रयोगबारे जनताको चेतनाको अवस्थाको मूल्याङ्कन गर्न भने अङ्क विश्लेषण पनि आवश्यक हुन्छ । यस हकका पक्षधर केहीले यस्तो अनपेक्षित अवस्था उपन्न हुनाका पछाडि आयोग र जनता बीचको दूरीलाई पनि जिम्मेवार ठहऱ्याउने गरेका छन् । तर यसो भनेर अन्य कारणबाट उन्मुक्ति भने पाउन सकिँदैन । एउटा कुरा सत्य हो, यस अवधिमा आयोग आम जनताबीच जुन रूपमा भिज्न सक्नु पर्दथ्यो, त्यसो हुन सकेन । तर यसको दोष के आयोगलाई मात्र पन्छाएर अन्य पक्ष ओभानो हुन मिल्छ त ? निश्चय पनि सकिँदैन । आज पनि ग्रामीण नेपाली मात्र होइन, सहरिया सम्भ्रान्तका बीचमा पनि यस ऐनले प्रवेश पाउन सकेको छैन । अर्थात् सूचनाको हकबारे आमजनतामा यसबारे समुचित जानकारी छैन । आगामी दिनमा यस अवस्थामा परिवर्तन अपरिहार्य छ ।

सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको सन्दर्भले सुशासन र लोकतन्त्रको भावनालाई बल पुऱ्याउँछ । यो ऐन जति सशक्त ढङ्गले लागू हुन्छ, सुशासन त्यति नै सुदृढ हुने अपेक्षा गरिन्छ । समग्रमा भन्नुपर्दा नेपालमा अहिलेसम्म सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी ढङ्गले लागू हुन सकेको छैन । यसको सोझो प्रभाव सुशासनमाथि परिरहेको छ । दुःखद कुरा, यो कानुन लागू नगर्ने दिशामा नेपालका सार्वजनिक निकायहरू नै अग्रसर छन् ।

देशमा अहिले सङ्घीय शासन व्यवस्था लागू छ । नेपालको संविधान, २०७२ कार्यान्यनको अवस्थामा छ । संविधानअनुरुप देशमा दोस्रो सङ्घीय र प्रादेशिक निर्वाचन आसन्न छ । सङ्घीयताको मर्मअनुरुप अनेक कानुन कनेका छन् । विगतका थुप्रै कानुन संशोधित र परिमार्जित भएका छन् । तर सूचनाको हकलाई सम्भवतः सङ्घीयताले छोएको छैन । सूचनाको हकसम्बन्धी ऐन २०६४ मा कुनै फेरबदल हुन सकेको छैन । सम्भवतः यो पनि एक कारण हो, सूचनाको हकसम्बन्धी कानुनको प्रभावकारितामाथि प्रश्नचिह्न ठडिने गरेको छ ।

संविधानले देशमा सातवटा प्रदेशको व्यवस्था गरेको छ । यसको अर्थ हो, देशमा अब केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहमा शासन सञ्चालन हुँदैछन् । संविधानको यो व्यवस्थासँगै सूचनाको हकसम्बन्धी कानुनलगायत देशका अन्य कानुन कसरी लागू हुने भन्ने बहसको अवस्था सिर्जना भयो, जुन स्वाभाविक थियो । यही अवस्थालाई दृष्टिगत गरी थुप्रै नयाँ कानुनको तर्जुमा सँगै विद्यमान अनेकौँ कानुन संशोधन गरिए । कतिपय कानुन संशोधनको चरणमा पनि छन् । यसै सन्दर्भमा सूचनाको हकसम्बन्धी विद्यमान कानुनबारे पनि नयाँ ढङ्गले बहस हुनु मात्र आवश्यक छैन, बरु परिवर्तित परिवेशमा सूचनाको हक कसरी सुनिश्चित हुनेछ भन्नेबारे पनि छलफल चल्नु/चलाइनु आवश्यक छ । यस कार्यमा विगतमा कमजोरी अनुभूत गरियो । अब पनि ढिला भइसकेको छैन । यसबारे छलफल चलाइनु अपरिहार्य छ ।

सूचनाको हकसम्बनधी ऐन यस्तो कानुन हो, जो जनता स्वयम्कै क्रियाशीलताका आधारमा लागू हुन्छ अर्थात् जनता स्वयम्ले लागू गर्ने हैसियत राख्दछन् । यो ऐनमा सूचना माग गर्ने र प्राप्त गर्ने सन्दर्भमा समयावधिको किटान गरिएको छ । सूचना माग गर्नेले निवेदन दर्ता गर्ने बित्तिकै यस्तो समयावधि लागू हुन्छ अर्थात् सूचना मागकर्ताद्वारा सूचना मागसम्बन्धी निवेदन दर्ता हुनासाथ ऐनका प्रावधानहरू तत्काल आकर्षित हुन्छन् ।

अहिले विश्वमा लोकतन्त्रको साझा एजेन्डा बनेको पारदर्शिता र सुशासनको प्रत्याभूति दिलाउन सूचनाको हक प्रभावकारी हुने यसका अभियन्ताहरूले बताउने गरेका छन् । सूचनाको हकले नागरिकलाई बलियो बनाउने र लोकतन्त्रलाई सुदृढ बनाउने कुरा यसको अभ्यास गरेका राष्ट्रहरूले सुझाएका छन् । भारतमा यो हक लागू भइसकेपछि त्यहाँका तत्कालीन प्रधानमन्त्री डा मनमोहन सिंहले संसद्मा भनेका थिए, 'भारतले वास्तविक लोकतन्त्रको अभ्यास त यो कानुन बनेपछि मात्र गर्न पायो, लोकतन्त्रको प्राण रहेछ सूचनाको हक ।' उनको यो अभिव्यक्तिले पनि यो हकको अभ्यासले स्थापित गर्ने मूल्यलाई प्रतिबिम्बित गर्दछ ।

सूचनाको हक आफैँमा सक्रियताको अपेक्षा गर्ने कानुन हो । यसको जति प्रयोग गऱ्यो, त्यति नै यसले अपेक्षित परिणाम दिने गर्दछ । विशेष समयमा आकर्षित हुने कानुनका रूपमा यो हक रहन सक्दैन । यस मान्यतालाई कार्यान्वयन गर्न सूचना आयोगको भूमिका महत्वपूर्ण हुन्छ । जनताले एउटा नवीन संस्कृतिको अभ्यासलाई निरन्तरता दिनका लागि यो हक प्रयोगको तहमा रहिरहन आवश्यक हुन्छ ।

सूचनाको हक प्रयोगको अभ्यासले नागरिकलाई व्यक्तिगत तहमा पनि महत्वपूर्ण लाभको अनुभूति दिन सक्छ भने यसले समाजलाई सुशासनको मार्गमा डोऱ्याउनसमेत मद्दत गर्दछ । यस्तोमा प्रश्न उठ्छ, जनताको यति महत्वपूर्ण हकका रूपमा स्थापित सूचनाको हकलाई नेपालको परिवर्तित परिस्थितिमा आमजनताको पक्षमा कसरी सुनिश्चित गर्ने ? यस सन्दर्भमा माथि चर्चा गरिएको ऐन संशोधनको विषयले सूचनाको हकसम्बन्धी ऐनका सम्बन्धमा पनि प्राथमिकता पाउनु पर्दछ । केन्द्र र प्रदेशस्तरमा सञ्चालन हुने शासनका सन्दर्भमा सूचनाको हकको प्रत्याभूतिका लागि विद्यमान ऐन कानुनमा केही संशोधन अपेक्षित छन् ।

सङ्घीयता भएका विश्वका अन्य मुलुकको अध्ययन गर्ने हो भने सूचनाको हकमाथि सबै जनताको पहुँच स्थापित गर्न स्वतन्त्र निकायका रूपमा दुईथरी संरचनाको व्यवस्था रहेको पाइन्छ, एउटा केन्द्रीय र अर्को प्रादेशिक । नेपालमा अहिले एक राष्ट्रिय सूचना आयोग छ जो केन्द्रीय स्तरमा क्रियाशील छ । देश सङ्घीयतामा गइसकेको परिप्रेक्ष्यमा, आयोगले कसरी काम गर्ने भन्ने विषयमा पुर्नपरिभाषित हुनु जरुरी छ । सूचनाको हकमाथि समानरूपमा सबै जनताको पहुँच स्थापना गर्ने हो भने, सङ्घीयता भएका अन्य देशमा व्यवस्था भएजस्तै नेपालमा पनि केन्द्रीय र प्रादेशिकरूपमा सूचना आयोगको स्थापना हुनु आवश्यक छ । यस्तो व्यवस्था हुन सके नेपालका सबै जनताले मानसिक र भौगोलिक दुवै रूपमा सूचना आयोग नजिक भएको अनुभूति सँगाल्न सक्नेछन् ।

सूचनाको हक कार्यान्वयन गर्ने/गराउने सन्दर्भमा सूचनाको हकसम्बन्धी कानुन भएका देशमा सूचना आयोगलाई सर्वाधिक जिम्मेवार निकायका रूपमा स्वीकार गरिन्छ । केन्द्र र प्रदेश स्तरको आयोगका बीचमा क्षेत्राधिकारको स्पष्ट विभाजन हुनु आवश्यक छ । नेपालको सन्दर्भमा नयाँ संविधानका कुनै पनि अनुसूचीमा यससम्बन्धी स्पष्ट व्यवस्था गरेको पाइँदैन । यसको अर्थ हो, यस सम्बन्धमा विद्यमान ऐन र नियमावलीमा संशोधनमार्फत सम्बोधन गरिनु अपरिहार्य छ । अर्थात्, भावी दिनमा नेपालमा केन्द्र र प्रदेशहरूमा अलग अलग सूचना आयोगको व्यवस्था गरिनुपर्दछ । यस्तोमा हाल अस्तित्वमा रहेको आयोगलाई केन्द्रीय सूचना आयोगका रूपमा परिभाषित र स्थापित गरिनु जरुरी छ भने प्रदेशहरूमा अलग सूचना आयोगको स्थापनाको मार्ग प्रशस्त गरिनुपर्छ । यसो गरिँदा, प्रदेशमा स्थापना हुने आयोगको क्षेत्राधिकार, गठन विधि, आयुक्तको नियुक्ति, योग्यता, पारिश्रमिक, सेवा–सुविधा, सूचना प्राप्तिको अवधि,

***बाँकी अन्तिम पृष्ठमा***


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ ★ मलेठ, सप्तरी

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np

# चौध वर्षअघिको कोसी कहरका पीडित काठको पर्खाइमा

अजितकुमार झा
इनरुवा, ३ भदौ (रासस)।

नेपालको सबैभन्दा ठूलो नदीका रूपमा रहेको सप्तकोसी नदीको पूर्वी तटबन्ध फुटेको आज १४ वर्ष पूरा भई १५औँ वर्षमा प्रवेश गरेको छ। विनाशकारी बाढी आएको र करोडौँको धनजन क्षति भएको घटना अझै पनि पीडितले सम्झिरहेका छन्। घटना सम्झँदै त्रसित हुने स्थानीयको जनजीविका घटना भएको १४ वर्ष बितिसक्दासमेत पूर्वावस्थामा फर्कन सकेको छैन।

विसं २०६५ भदौ २ गते आजैका दिन कोसी नदीको पूर्वी तटबन्धको मूल फुटेर गाउँमा पस्दा सुनसरीको तत्कालीन पश्चिम कुशाहा, श्रीपुरजब्दी र हरिपुर गाविस पूर्णरूपमा तथा लौकही गाविस आंशिकरूपमा प्रभावित भएर स्थानीयवासी विस्थापित भएका थिए। यो दिनलाई कोसी बाढीपीडितले कालो दिनका रूपमा लिँदै आएका छन्।

सुनसरीको साविक पश्चिम कुशाहा गाविस-४ स्थित कोसी नदीको पूर्वी तटबन्धको स्पर नम्बर १२ दशमलव १० तथा स्पर नम्बर नम्बर १२ दशमलव ९० बीचमा पानीको धक्काले फुटेर विनाशकारी बाढी गाउँमा पसेको दिन आज १४ वर्ष पूरा भएको छ। कोसीको भङ्गालो गाउँमा पसेकाले सात हजार पाँच सय ६३ परिवारका ४२ हजार सात सय ६५ जना स्थानीय बासिन्दा विस्थापित भएको दिन भदौ २ गते १४ वर्ष पूरा भएको छ तर विस्थापित भएका कोसीपीडितको जनजीविका अझै पूर्वावस्थामा फर्कन नसकेर अधुरै रहेको छ।

यो अवस्थालाई केलाउँदा सुनसरीको कोसी बाढीपीडितले राहत, क्षतिपूर्ति तथा पुनःस्थापनाका विषयमा विभिन्न माग राखेर कोसीपीडितले २०६५ भदौ २७ गते सरकारलाई प्रेस विज्ञप्ति जारी गरी विभिन्न आन्दोलनको घोषणा गरेकाले तत्काल जिल्ला प्रशासन कार्यालय सुनसरीले २०६५ पुस १ गते समस्या समाधानका लागि गृहमन्त्रीसँग वार्ताको वातावरण मिलाइदिएको र वार्तापश्चात् उपप्रधानमन्त्रीस्तरको पुस २२ को निर्णयबाट सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा एक इकाइ गठन गरिएको थियो। केही समयपछि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले देशवासीका नाममा सम्बोधन गर्ने क्रममा कोसी बाढीपीडित क्षेत्रको समस्या समाधानका लागि एक उच्चस्तरीय कार्यदल गठन गर्ने प्रतिबद्धता जनाउनुभएअनुसार २०६५ फागुन २२ गते नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट तत्कालीन सभासद् नन्दनकुमार दत्तको संयोजकत्वमा २० सदस्य कोसी बाढीपीडित व्यवस्थापन उच्चस्तरीय कार्यदल गठन गरेको थियो।

सो कार्यदलले प्रतिवेदन तयार पारेर सरकारलाई बुझाएको १४ वर्ष बित्दासमेत कार्यदलको प्रतिवेदन पूर्णरूपमा कार्यान्वयन नभएको कोसी बाढीपीडित सङ्घर्ष समितिका संयोजक पञ्चनारायण मण्डलले बताउनुभयो। कार्यदलले आफ्नो प्रतिवेदनमा बाजेट सम्बन्धमा सिफारिस प्रतिवेदनमा उल्लेख भएबमोजिमका रातो, पहेंलो र हरियो भनी वर्गीकरण गरिएका क्षेत्रमा केकति कस्ता प्रकृतिका घरजग्गा पर्दछन् तथा कति परिवार बसोबास गर्दछन् भन्ने यकीन तथ्याङ्क विवरण प्रतिवेदनमा नखुलेको र बजेट अनुमानसमेत प्राप्त नभएको अवस्था हुँदा सम्बन्धित मन्त्रालयले गृहकार्य गरी आवश्यक बजेट निकासाका लागि अर्थ मन्त्रालयमा अनुरोध गर्ने र अर्थ मन्त्रालयले निकासा दिने उल्लेख गरिएको छ।

उच्चस्तरीय कार्यदलबाट प्राप्त सुझावमा रातो क्षेत्रमा पर्ने पीडित परिवारमध्येबाट जग्गा सुधार कार्यका लागि ट्र्याक्टर खरिद गर्न चाहनेलाई निर्व्याजी ऋण उपलब्ध गराउने, विभिन्न बैंक तथा वित्तीय संस्थाबाट बाँध फुट्नुअघि पीडितले लिएको सम्पूर्ण ऋण मिनाहा गर्ने, बाढीपीडित परिवारलाई तीन वर्षका लागि निःशुल्क स्वास्थ्योपचारको व्यवस्था उपलब्ध गराउने र बाढीपीडित परिवारका बेरोजगार युवायुवतीलाई प्राथमिकता दिने तथा वैदेशिक रोजगारीमा सरकारी कोटा उपलब्ध गराउने भनिएको थियो। यस्तै बाँध फुटाउने (तारजाली झिक्ने, ढुङ्गा निकाल्ने) व्यक्तिको बाढीपीडित सङ्घर्ष समितिको सहयोगमा पहिचान गरी दोषीउपर कारवाहीको प्रक्रिया अगाडि बढाउने, बाढीपीडित परिवारका विद्यार्थीलाई तीन वर्षका लागि स्कुल तथा क्याम्पसमा निःशुल्क अध्ययन तथा पाठ्यपुस्तकको व्यवस्था गर्ने, बाढीपीडित क्षेत्रको सम्पूर्ण क्षतिपूर्ति तथा राहत यथाशीघ्र उपलब्ध गराउने र बाढीपीडित क्षेत्रमा भएका जग्गामा जग्गा सुधार कार्यक्रमको साथै सतह सिँचाइको व्यवस्था गर्ने पनि प्रतिवेदनमा उल्लेख भएकामा आंशिकरूपमा मात्रै काम भएको पीडितहरूको भनाइ छ।

पीडितलाई सहायता उपलब्ध हुनुपर्ने तथा सो घटनाको छानविन गरी दोषीमाथि कारवाही गर्नुपर्ने सिफारिस भए पनि अहिलेसम्म कुनै छानबिन नभएको र कसैलाई कारवाही पनि नगरिएको पीडितको गुनासो छ। घटना भएको र एक वर्षपछि पुनःस्थापित भएको भए पनि पूर्वको अवस्थामा चाहेको काम गर्न नपाएको बालीनाली गर्न नसकेको र छोराछोरीको इच्छा पूरा गराउनलाई समस्या भएको स्थानीयवासी विन्देश्वर मेहताले बताउनुभयो। बाढी क्षतविक्षत पारेको जमिनमा १० वर्षसम्म अधिकांश कृषकले पूर्णरूपमा खेतीपाती गर्न नपाएको कोसीपीडित सङ्घर्ष समितिका पूर्वध्यक्ष पञ्चनारायण मण्डलले बताउनुभयो।

कोसी कटान विस्थापित भएको दुई वर्षपछि सुकुम्बासीदेखि जग्गा भएका बाढीपीडित २०६७ साउनसम्ममा पुनःस्थापित भएको थियो। विस्थापित भएका कोसीपीडितमध्ये केही विस्थापित भएको चार महिनादेखि दुई वर्षसम्ममा सुकुम्बासीदेखि जग्गा भएकासमेत अहिले पुनःस्थापित भएका छन्। कोसी बाढीपीडितले अझै पनि आफूहरूले पूर्ण राहतको महसुस गर्न नसकेको गुनासो अर्का स्थानीयवासी बाजुद्दिन मन्सुरीले बताउनुभयो। सरकारको निर्णय नै कार्यान्वयन नभएको एकातिर देखिन्छ भने अर्कोतिर नियमितरूपमा उब्जाउ हुने केही जग्गामा बालुवा नै बालुवा भएको र भङ्गालोले खण्डखण्ड र खाल्डो परेको छ भने केही जग्गा पूर्वास्थामा फर्किनेक्रम जारी रहेको छ।

सुनसरीको कोसी बाढीपीडितको अवस्था १४ वर्ष बित्दासमेत पारिवारिक अवस्था दयनीय रहेको छ। चौध वर्ष अगाडि कोसी भत्किँदा विस्थापित र पीडित बनेका पुनःस्थापित भए पनि दैनिक दिनचर्यामा सुधार हुँदै गएको छ। सरकारले कोसीपीडितका लागि यस अवधिमा दुई अर्बभन्दा बढी खर्च गरिसकेको छ तर त्यसको प्रभावकारी अनुगमन नगरिएकाले कोसीपीडितले राहतको अनुभूति गर्न पाएका छैनन्।

सरकारले कृषि, शिक्षा, स्वास्थ्य, पशु, आवास, पुनःस्थापना, पुर्नर्वास र राहतलगायत शीर्षकमा सहयोग गरेको जिल्ला प्रशासन कार्यालय सुनसरीले जनाएको छ। विभिन्न शीर्षकमा राहत वितरण गरेको भए पनि प्रभावकारी अनुगमन नभएका कारणले केही कोसीपीडित करोडपतिसमेत बनेका छन् भने केही अझै राहतको पर्खाइमा बसेका छन्। कतिले विराटनगर, इटहरी, इनरुवा र सहरी क्षेत्रमा घरजग्गा जोडेका छन्। कति बाढीपीडित अझै पनि एकछाक खाएपछि अर्को छाक टार्न समस्यामा रहेका छन्। कतिले छोराछोरी पढाउने कुरा त परेको भएको पनि गुनासो गरिरहेका छन्। केहीले पढाउन नसकेर १४ वर्षदेखि २० मुनिका छोराछोरीलाई राजधानी काठमाडौँ तथा विभिन्न सहर र भारतको सहरमा कमाउन र रोजगारीमा पठाएको स्थानीय अशोक मेहताले बताउनुभयो।

अहिले मुलुकभर नै वर्षा र बाढीको त्रासका कारणले जनजीवन प्रभावित बनेको छ। लगातारको वर्षाका कारणले देशभरकै जनजीवन प्रभावित बनेको बेला सुनसरीका पूर्वबाढीपीडित अझैसम्म राहतको प्रतिक्षामा रहेका छन्। घरजग्गा हुनेले त घर पुनःनिर्माण गर्न सरकारको राहतको ३० केवी काठ र रु २० हजार पनि पाए तर जो सुकुम्बासी बाढीपीडित छन्, उनीहरू भने सो सुविधाबाट बञ्चित भएका छन्। कूल विस्थापितमध्येको एक हजार चारसय २२ परिवार सुकुम्बासी रहेकामा हालसम्ममा यहाँका दुईसय ३५ सुकुम्बासी परिवारले मात्रै सरकारले भनेअनुसारको प्रतिपरिवार दुई कट्ठा जग्गा र घर पाएका छन्। अन्य सुकुम्बासी अझै कष्टकर जीवन बिताइरहेका छन्। कोसीपीडितको आधारभूत आवश्यकता पूरा नभएको अवस्था पनि विद्यमान देखिन्छ। स्वास्थ्य, शिक्षा, खानेपानी, रोजगार, व्यवसायीमा समेत पूर्ण सक्रिय हुन सकेको छैन, बाढीबाट विस्थापित भएकाहरू।

विगतको कुरालाई समीक्षा गर्दा कोसी पीडितलाई राहत र सहयोग दिने छिमेकी जिल्ला मात्रै होइन देशभरबाट सहयोग गरेको अवस्था छ। यतिमा मात्रै सीमित भएन कोसीपीडितको समस्या अन्तर्राष्ट्रिय निकायमा समेत हात फैलाएर सहयोग आएको थियो। कोसी फुटेका बेला पीडितलाई सहयोग नभएको होइन। सरकारी पक्षबाट भएका प्रतिबद्धता अझैसम्म पूरा नभएको पीडितहरूले बताएका छन्।

कोसीपीडित सङ्घर्ष समितिले आफूहरूको बाँकी रहेको क्षतिपूर्ति उपलब्ध गराइदिनका लागि माग गर्दै दुई वर्ष अगाडि मात्र सङ्घीय सरकार र प्रदेश सरकारलाई ध्यानाकर्षण पत्रसमेत बुझाएका थिए। प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री शेरधन राई, उद्योग पर्यटन वन तथा वातावरणमन्त्री जगदीशप्रसाद

*बाँकी अन्तिम पृष्ठमा*



डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### हाइटीमा दुई लाख ५० हजार बालबालिका विद्यालय जान पाएनन्

संयुक्त राष्ट्रसङ्घ, ३ भदौ (रासस/सिन्ह्वा)।

हाइटी भूकम्पको एक वर्षपछि पनि यहाँका कम्तीमा पनि दुई लाख ५० हजार जना बालबालिका विद्यालय जान पाएका छैनन्।

संयुक्त राष्ट्रसङ्घका अनुसार यहाँका विद्यालय भवन एक वर्षअघिको भूकम्पले भत्काइदिएको थियो। ती विद्यालय भवनहरु निर्माण गर्न वर्षौंसम्म लाग्नसक्ने राष्ट्रसङ्घीय प्रवक्ताले जानकारी दिनुभएको छ।

संयुक्त राष्ट्रसङ्घीय बालकोषले यहाँका २३४ कक्षा कोठा निर्माण गरिदिएको छ। सीमित आर्थिक अवस्था तथा अरु चुनौतीहरुका कारण राष्ट्रसङ्घीय बालकोषले गएको वर्ष दिनमा ती कक्षा कोठासहितका भवन निर्माण गरेको हो।

संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटर्रेसका सहप्रवक्ता फराह हकले सो कुराको जानकारी दिनुभएको हो।उहाँले दिनुभएको जानकारीअनुसार बालकोषले निर्माण गरिदिएका भवनबाट ७४ हजार जना जति बालबालिका विद्यालय जान पाएका छन् भने अरु कम्तीमा पनि दुई लाख ५० हजार जना बालबालिका अझै पनि कक्षा कोठाभन्दा बाहिर रहेका छन्।

राष्टसङ्घीय बालकोषले यहाँ भूकम्पबाट पीडित बालबालिकालाई शैक्षिक सामग्री, पोषणयुक्त खानेकुरा तथा अन्य आवश्यक सहायता पनि उपलब्ध गराएको छ।

अझै पनि ठूलो संख्याका बालबालिका आफ्नो घर नभएर आश्रयस्थलमा बसिरहेका छन्। विभिन्न दाताको सहयोगमा यहाँ टेन्टहरु बनाइएको छ र त्यहाँ नागरिकले आश्रय लिइरहेका छन्।

सो भूकम्पले एक हजार २५० विद्यालय भवन भत्काएको थियो। तीमध्ये अधिकांश अझै पुनः निर्माण हुन सकेको छैन।

### अफगानिस्तानमा भएको घातक हमलाको निन्दा

संयुक्त राष्ट्रसङ्घ, ३ भदौ (रासस/सिन्ह्वा)।

अफगानिस्तानमा संयुक्त राष्ट्र सङ्घीय सहयोग नियोग (युनामा) ले बिहीबार राजधानी काबुलको मस्जिदमा भएको घातक हमलाको निन्दा गरेको छ।

'हामी काबुलको मस्जिदमा हिजो भएको आक्रमणको निन्दा गर्दछौं, हालैका हप्ताहरूमा दुई सय ५० भन्दा बढी व्यक्तिको ज्यान जाने र घाइते भएका बम विष्फोट शृङ्खलाको पछिल्लो घटना हो।

गत वर्षको तुलनामा मासिक रूपमा हुने नागरिकको मृत्युको सबैभन्दा ठूलो संख्या भएको युनामाले छोटो वक्तव्यमा जानकारी दिएको छ।

बुधबार साँझ नमाजको समयमा यस मस्जिदमा भएको ठूलो विस्फोट परी २१ जनाको मृत्यु भएको छ। मस्जिदका धर्मगुरु इमाम अमिर मुहम्मद काबुलीसहित ३३ जना घाइते भएका छन्।

काबुलमा भएको आक्रमणको पछाडी कसको हात थियो भन्ने बारे अहिलेसम्म केही खुल्न सकेको छैन। यद्यपि हाल विष्फोट स्थललाई बन्द गरिएको छ।

देशको बिग्रिएको सुरक्षा अवस्थाको बीचमा सबै प्रकारका आतङ्कवादलाई रोक्न संयुक्त राष्ट्रसङ्घले अफगानिस्तानमा ठोस कदम चाल्न तालिबान अधिकारीलाई आह्वान गरेको छ।

कमजोर समुदायलाई थप सहयोग उपलब्ध गराउनुपर्छ र अपराधीहरूलाई न्यायको कठघरामा ल्याउनुपर्ने युनामले भनेको छ। 'हामी मारिएका परिवारहरूप्रति गहिरो समवेदना प्रकट गर्दछौं र त को शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं युनामाले थप जानकारी दिएको छ।

### श्रीलङ्काका पूर्व राष्ट्रपति गोटावायद्वारा अमेरिकी 'ग्रिनकार्ड'का लागि आवदेन

कोलम्बो, ३ भदौ (रासस/एएनआई)।

श्रीलङ्काका पूर्व राष्ट्रपति गोटावाय राजापाक्षले अमेरिकी 'ग्रिनकार्ड'का लागि आवेदन दिनु भएको छ। देशमा गत जुलाईमा भएको जनआन्दोलनका कारण पद र देश छाडेर भाग्नु भएका गोटावायले अमेरिका बस्नेगरी आवेदन फाराम भर्नु भएको जनाइएको छ। उहाँले आफूसँगै श्रीमती र छोराका लागि पनि आवेदन दिनुभएको समाचारमा उल्लेख गरिएको छ।

श्रीलङ्काको तर्फबाट रुसका लागि पूर्व राजदूत उदयाङगा विरातुङ्गाले उहाँ अमेरिका जाने तयारीमा रहनु भएको जानकारी दिनुभयो।

पूर्व राष्ट्रपति गोटावायसँग निकट मानिनुहुने विरातुङ्गाले थाइल्याण्ड फर्किने उहाँको योजना रद्ध भइसकेको पनि बताउनु भयो। पहिला उहाँले नोभेम्बरसम्म थाइल्याण्डमै बस्ने योजना बनाउनु भएको थियो ।तर कानुन व्यवसायीहरुसँगको परामर्शपछि उहाँ यही महिनाको अन्त्यमा श्रीलङ्का फर्किने निर्णयमा पुग्नु भएको डेलि मिरर पत्रिकाले लेखेको छ।

उच्च श्रोतहरुलाई उल्लेख गर्दै लेखिएको समाचारमा गत महिनादेखि नै उहाँले अमेरिका जाने प्रक्रिया सुरु गर्नु भएको उल्लेख गरिएको छ। उहाँकी श्रीमती आइओमा राजापाक्षले अमेरिकाको नागरिकता लिने तयारी गर्नु भएको छ। उहाँहरुको यस प्रक्रियामा कोलम्बो र अमेरिकामा रहेका कानुन व्यवसायी संलग्न भएर काम गरिरहेका छन भने कोलम्बोबाट पनि विभिन्न कागजपत्रहरु प्रयोग गरिएका छन्।

मुलुकमा आर्थिक सङ्कट उत्पन्न हुनुको पछाडि मुख्य जिम्मेवार राष्ट्रपति गोटावाय नै रहेको भन्दै आम नागरिक आन्दोलनमा उत्रिएर उहाँको निवास घेर्न थालेपछि उहाँले देश छोडेर भाग्नु परेको हो। उहाँ सुरुमा म्यानमार जानुभयो। त्यसपछि थाइल्याण्ड हुँदै सिङ्गापुर पुग्नु भयो।

उहाँले देश छोडेपछि श्रीलङ्कामा राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरु पनि परिवर्तन भएका छन्। नयाँ जिम्मेवारी पाएका नेताहरुले सङ्कट समाधानको प्रयास गरिरहेका छन्।

# कृष्णाष्टमीमा भक्तजनको चहलपहल



**दैनिक समाचारदाता राजविराज, ३ भदौ ।**

ग्रामिण तथा शहरी क्षेत्रमा भगवान श्री कृष्णका कलात्मक मुर्ती निर्माण गरी पुजापाठ गर्न भक्तजन लागेका छन् ।

गत वर्ष कृष्णाष्टमी कोरोना महामारीको उच्च जोखिममा रहेका वेला खल्लो भएको कृष्णाष्टमी यस पाटक जोखिम केही कम भएकाले गाउँका बालबालिका देखि युवा र बृद्धबृद्धाहरुमा पनि कृष्णाष्टमीको उत्साह देखिएको छ ।

ग्रामिण क्षेत्रमा अवस्थित विभिन्न कृष्ण मन्दिर तथा टोल टोलमा युवाहरुद्वारा गठित कृष्ण पुजा समितीद्वारा कलात्मक मुर्ती निर्माण गरी बनाइएको पुजास्थलमा विहानैदेखी दर्शनार्थीको भीड लागेको छ ।

तिलाठी कोइलाडी गाउँपालिका युवाहरुले यस अवसरमा मटकाफोड कार्यक्रमको आयोजना गरेको छ भने सदरमुकाम राजविराज ७ स्थित प्रसिद्ध राधाकृष्ण मन्दिर परिसरमा दर्शनार्थीको विहानै देखी घुँइचो लागेको मन्दिर समितीका उपाध्यक्ष विन्देश्वर प्रसाद साह (विन्दी) ले बताए ।

विगतमा श्रीकृष्णाष्टमी पर्वका दिन यस मन्दिरमा आउने दर्शनार्थीका लागी मनोरंजन दिन स्थानीय राजकला कुञ्ज, शारदा कला भवन र बिजय नाट्य कला भवनद्वारा नाटक समेत मञ्चन हुने गरेकोमा केही वर्ष यता कोरोना लगायत विभिन्न कारणले त्यस्तो कार्यक्रम रोकिए पनि धार्मिक प्रवचन र भजन सन्ध्या लगायतका धार्मिक कार्यक्रम दुई दिनसम्म आयोजना गरिने उपाध्यक्ष साहले बताए ।

# थप ६ सय २३ मा कोरोना संक्रमण पुष्टि

काठमाडौं, ३ भदौ (रासस) ।

देशभर पछिल्लो २४ घण्टामा थप छ सय २३ जनामा कोभिड संक्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा चार हजार नौ सय ४५ जनाको नमूना परीक्षण गरिएको थियो । एक हजार ६ सय २१ जनाले पिसिआर र तीन हजार तीन सय २४ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा १० हजार नौ सय ९० जनाले कोभिड विरुद्धको खोप लगाएका छन् । यही अवधिमा चार सय ८७ जना कोरोना संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ७७ हजार आठ सय ४५ पुगेको छ । संक्रमण मुक्त हुने दर ९८ दशमलव तीन प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल सक्रिय संक्रमितको संख्या पाँच हजार २४ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार नौ सय ९० पुगेको छ । होम आइसोलेशनमा चार हजार आठ सय ३४, संस्थागत आइसोलेसन एक सय ९०, आइसियूमा ४९ र भेन्टिलेटरमा छ जना संक्रमित रहेका छन् ।

## *चौध वर्षअघिको ...*

कुसियैतलगायतका प्रदेशका मन्त्री र नयाँ सरकार गठन भएपछि सङ्घीय सरकारका तत्कालीन कानुन, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई समेत ध्यानाकर्षण गराएको भए पनि अहिलेसम्म पीडितले बाँकी रहेको राहत पाउन सकेको छैन ।

राहत पाउने आशामा पटकपटक सरकार तथा विभिन्न निकायका व्यक्तिको ध्यानाकर्षण गराएको भए पनि अहिलेसम्म कुनै किसिमको कार्यान्वयन नभएको सङ्घर्ष समितिका अध्यक्ष पञ्चनारायण मण्डलले बताउनुभयो । विगतमा सरकारले गरेको निर्णय र पीडितलाई दिएको आश्वासनलाई पूरा गर्नतर्फ सरकारको ध्यान जानु जरुरी छ ।

## *सूचनाको हक ...*

सूचना प्राप्त गर्न लाग्ने शुल्क, सूचना प्राप्तिको कार्यविधि लगायतका विषयमा स्पष्ट व्यवस्था गरिनु पर्छ ।

यस अतिरिक्त ऐन संशोधनमार्फत केही थप विषय पनि सम्बोधित हुनु जरुरी छ । प्रदेशभित्र सूचना माग, प्राप्ति र पुनरावेदनका सम्बन्धमा अन्तिम किनाराको अधिकार प्रदेशभित्रै अर्थात् प्रादेशिक सूचना आयोगलाई प्रदान गरिनु आवश्यक छ । तर यस्तो अवस्थामा प्रदेशहरूका सूचनासम्बन्धी अलगअलग कानुन हुन सक्ने यथार्थलाई नकार्न सकिँदैन । यसको अर्थ हो सूचनासम्बन्धी प्रादेशिक कानुनबीच तारतम्य नमिल्न सक्छ र विविधता कायम हुन सक्छ । यस्तोमा प्रादेशिक आयोग र प्रदेशका कानुनबीच समन्वय आवश्यक ठहरिन सक्छ । यस्तोमा ऐन संशोधनमार्फत आवश्यक अधिकार प्रदान गरी समन्वयका लागि केन्द्रीय सूचना आयेगलाई जिम्मेवार बनाउन सकिन्छ । यतिमात्र होइन, प्रदेश आयोगमा पुनरावेदनमार्फत न्याय पाउन नसकेको अनुभूत गरेका सेवाग्राहीलाई एक पटक थप पुनरावेदनको अधिकार प्रदान गर्न सकिन्छ र यस्तो पुनरावेदन सुन्ने अन्तिम निकायका रूपमा केन्द्रीय आयोगलाई जिम्मेवारी प्रत्यायोजन गर्न सकिन्छ । यसैगरी, केन्द्रीय आयोगलाई नीति निर्माणका लागि योग्य बनाई प्रादेशिक आयोगलाई कानुन कार्यान्वयनका लागि जिम्मेवार बनाउन सकिन्छ ।

# कृष्णाष्टमीको अवसरमा मन्त्री साहद्वारा दुई कृष्ण मन्दिरको उद्घाटन



**दैनिक समाचारदाता राजविराज, ३ भदौ ।**

मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साहले कृष्णाष्टमीको अवसरमा शुक्रबार सप्तरीमा दुई वटा राधाकृष्ण मन्दिरको उद्घाटन गरेका छन् ।

मन्त्री साहले हनुमाननगर कंकालिनी नगरपालिका ८ जोगिनीया र सोही नगरपालिकाको वडा १४ रम्पुरा मल्हनियामा नवनिर्मित राधाकृष्ण मन्दिरमा पुजापाठ गरी उद्घाटन गरेका हुन ।

जोगिनीयास्थित राधाकृष्ण मन्दिरमा उद्योग पर्यटन तथा वातावरण मन्त्रालयले ४० लाखको लगानी गरेको छ भने रम्पुरा मल्हनियास्थित राधाकृष्ण मन्दिरमा मन्त्री साहको संसदीय विकास कोष तथा उधोग पर्यटन तथा वातावरण मन्त्रालयले संयुक्त रुपमा ४५ लाखको लगानी गरेको मन्त्रि साहका स्वकिय सचिव राजकुमार यादवले जानकारी दिएका छन् ।


## सूचना । सूचना ॥ सूचना ॥।

## कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ । तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

**सम्पर्क नं.** ०३१-५९०००५
**नरेश कुमार यादव :** ९८०४७४२२८०, ९७४२२७०७८४

**आयोजक**
IMPACT Nepal
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी



## कोभिड-१९ को जोखिम कम गर्ने उपायहरु

- सही तरिकाले मास्क लगाऔं।
- कम्तिमा २ मिटरको दुरी कायम गरौं।
- साबुनपानीले नियमित हात धुने वा स्यानिटाइजर प्रयोग गरौं।
- हावा ओहोरदोहोर हुने स्थानमा बसौं।
- अरुको व्यक्तिगत प्रयोगका सामग्री प्रयोग नगरौं।
- कोभिड-१९ विरुद्धको खोप तथा बुष्टर डोज लगाऔं।

संक्रमण हुनबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit · CITY EXPRESS Money Transfer · Best Remit Quick & Easy · prabhu Money Transfer प्रभुको इच्छा · रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*